# मण्डनदेउपुर नगरपालिका

## स्थानीय राजपत्र

खण्ड २ मण्डनदेउपुर, साउन १५ गते, २०७५ साल संख्या ६


## भाग २

### मण्डनदेउपुर नगरपालिका

# मण्डनदेउपुर नगरपालिकाको छात्रवृति अक्षय कोष संचालन कार्यविधि, २०७५

कार्यपालिकाबाट स्वीकृत मितिः २०७५।३।२६
प्रमाणिकरण मिति २०७५।४।४

**प्रस्तावनाः**

शिक्षा क्षेत्रको विकासबाट समाजको चेतना स्तरमा बृद्धि गरि समस्त आर्थिक क्षेत्रको विकास गर्न, आर्थिक रुपमा कमजोर तथा जेहेन्दार छात्र छात्रालाई प्रोत्साहीत गर्न, विद्यालय छोडने दरलाई कम गर्नको लागि केहि रकम जम्मा गरि एउटा छात्रवृति अक्षय कोष स्थापना गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ ज (१६) को व्यवस्था अनुरुप विद्यार्थी प्रोत्साहन तथा छात्रवृतिको व्यवस्थापन गर्न सोहि ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरी छात्रवृति अक्षय कोषस्थापना गर्न मण्डनदेउपुर नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

# परिच्छद – १ (एक)
# संक्षिप्त नाम र प्रारम्भ

## १. संक्षिप्त नाम र प्रारम्भः

क) यो कार्य विधिको नाम "मण्डनदेउपुर नगरपालिकाको छात्रवृति अक्षय कोषसंचालन कार्यविधि २०७५" रहनेछ।

ख) यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

## २. परिभाषा :

विषय वा प्रंसगले अका अर्थ नलागेमा यस कार्यविधिमा

क) "कार्यविधि" भन्नाले छात्रवृति अक्षय कोषसंचालन कार्यविधि २०७५ लाई बुझाउनेछ।

ख) "नगरपालिका" भन्नाले मण्डन देउपुर नगरपालिकालाई बुझाउनेछ।

ग) "सामुदायीक विद्यालय"भन्नाले नगरपालिकाका शिक्षा ऐन तथा नियमावलीले निदृष्ट गरे बमाजिमका यस नगरपालिका भित्र संचालित सामुदायीक विद्यालयहरुलाई बुझाउँछ।

घ) "कोष" भन्नाले छात्रवृति अक्षय कोषलाई बुझाउने छ ।

ङ) "छात्रवृति" भन्नाले आर्थिक रुपमा कमजोर तथा जेहेन्दार विद्यार्थीलाई अक्षय कोषबाट प्राप्त ब्याजबाट विद्यालयको वार्षिक शुल्क, शैक्षिक सामग्री, विद्यालय पोसाकमा हुने खर्चलाई ध्यानमा राखि कुनै विद्यार्थीलाई प्रोत्साहन स्वरुप प्रदान गर्न तोकिए बमोजिमको निश्चित रकम तथा शैक्षिक सामग्री समेतलाई बुझाउनेछ ।

# परिच्छेद –२(दुई)
# कोषको अवधारण, लक्ष्य, उदेश्य र नीति

## ३. अवधारणा :

क) नगरपालिका भित्रका सम्पुर्ण बालवालिकको शिक्षामा पहुँच वृदि गर्नु र गुणस्तरिय शिक्षाको सुनिश्चितता गर्नु कोष स्थापनाको मुल अवधारणा हो ।

## ४. लक्ष्य :

क) आर्थिक रुपमा कमजोर तथा जेहेन्दार छात्र छात्रालाई विद्यालय शिक्षा सहज रुपमा प्रदान गर्नु, विद्यालय छाडने दरमा कमि ल्याउनु कोषको लक्ष्य रहने छ ।

## ५. उदेश्य :

क) जेहेन्दार विद्यार्थीहरुलाई प्रोत्साहित गर्नु,

ख) आर्थिक रुपमा कमजोर परिवारका विद्यार्थीलाई प्रात्साहित गर्नु ।

## ६. नीति :

क) नगरपालिका भित्रका सम्पुर्ण सामुदायीक विद्यालयहरुलाई छात्रवृतिको प्रकृयामा समावेश गरिनेछ,

ख) छात्र छात्रा दुबैलाई समान अवसार प्राप्त हुने कुराको सुनिश्चितता गरिनेछ,

ग) विद्यार्थीको उत्कृष्टतालाई छनौटको क्रममा प्राथमिकता दिइनेछ,

घ) आर्थिक रुपमा कमजोरछात्र छात्रालाई लक्षित गरिनेछ ।

# परिच्छेद – ३ (तीन)
# व्यवस्थापन समिति

## ७. व्यवस्थापन समिति

क) छात्रवृतिअक्षय कोषलाई बढी प्रभावकारी र भरपर्दो ढंगले संञ्चालन गर्न तथा आर्थिक रुपमा कमजोर तथा जेहेन्दार विद्यार्थीको छनौट गरि छात्रवृतिको लागि नगर कार्यपालिकामा पेश गर्ने प्रयोजनको लागि मण्डनदेउपुर नगरपालिकको शिक्षा ऐनले तोके बमोजिमको नगर शिक्षा समितिले नै छात्रवृति व्यवस्थापन समितिको रुपमा रहनेछ

ख) समितिको बैठक आवश्यकता अनुरुप बस्न सक्नेछ।

ग) समितिको छात्रवृति सम्वन्धि वैठकमा आवश्यकता अनुसार नगरपालिकाका कुनै पनि पदाधिकारी तथा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

# परिच्छेद- ४ (चार)

# कोषको व्यवस्थापन तथा संचालन सम्वन्धि व्यवस्था

## ८. कोषको स्थापना :

८.१. मण्डन देउपुर नगरपालिकाका नाममा छात्रवृति अक्षय कोष नाम गरेको एउटा छुट्टै कोषको स्थापना गरिने छ ।

## ९.छात्रवृति अक्षय कोषमा जम्मा गरिने रकम :

९.१. नगरपालिकाको संचित कोषबाट पहिलो पटक रु ५,00,000।00 (रु. पाँच लाख मात्र) छात्रवृति अक्षय कोषमा जम्मा गरिने छ । साथै नियम ९.२ बमोजिमका अन्य स्रोतबाट छात्रवृतिको लागि प्राप्त रकम यस खातामा जम्मा हुनेछ ।

९.२ छात्रवृति अक्षय कोषमा देहाय बमोजिमका रकम जम्मा हुनेछः

क) छात्रवृतिको लागि नेपाल सरकारबाट प्राप्त हुने रकम।

ख) छात्रवृतिको लागि प्रदेश सरकारबाट प्राप्त हुने रकम।

ग) छात्रवृतिको लागि प्रत्येक वर्ष नगर सभाबाट विनियोजित भएको रकम।

घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरुबाट छात्रवृतिको लागि प्राप्त हुन रकम।

ङ) अन्यव्यक्ति तथा स्रोतबाट छात्रवृतिको लागि प्राप्त हुने रकम।

## १०. कोष सञ्चालन

क) कोषको लक्ष्य तथा उदेश्य प्राप्त गर्न मण्डन देउपुर नगरपालिका स्वयंले कोषको व्यवस्थापन गर्नेछ ।

ख) नियम ११ मा परिभाषित बमोजिमको छात्रवृति प्रदान गर्ने बाहेक अन्य प्रयोजनमा यस कोषको रकम प्रयोग गर्न पाइने छैन ।

ग) कोषको आर्थिक तथा प्रशासनिक कार्य नगर कार्यपालिकाको कार्यालयका

तोकिएका कर्मचारीबाट हुनेछ । कोषको खाता प्रमुख प्रशासकिय अधिकृत र लेखा अधिकृत वा आर्थिक प्रशासन शाखा प्रमुखका सयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

घ) कोषको आर्थिक व्यवस्थापन प्रचलित आर्थिक प्रशासन सम्वन्धि कानुन बमोजिम हुनेछ ।

ङ) कोषबाट खर्च भएको रकमको जाँचपास तथा फरफारक प्रचलित कानुन बमोजिम हुनेछ । कोषको आन्तरिक लेख ापरिक्षण आन्तरिक लेखा परिक्षण शाखाले गर्नेछ।

च) कोषको अन्तिम लेखा परिक्षण प्रचलित कानुन बमोजिम हुनेछ।

# परिच्छेद – ५ (पाँच)

# खर्च प्रणाली तथा योजना छनौट

## ११. कोषको खर्च प्रणाली

छात्रवृति कोषमा जम्मा हुन आएका रकम देहाय बमोजिमको छात्रवृति प्रदान गर्ने कार्यमा मात्र खर्च गरिनेछः

क) नगर कार्यपालिकाबाट छानीएर अनुमोदन भएका छात्रछात्रालाई तोकिए बमोजिमको छात्रवृति रकम प्रदान गर्नेकार्य।

ख) छात्रवृतिका लागि छानीएका छात्रछात्रालाई छात्रवृति स्वरुप शैक्षिक सामग्री वा पोसाक उपलब्ध गराईने भएमा सो वापतको सामग्रीमा गरिने खर्च।

ग) छात्रवृति प्रदान गर्न लाग्ने अन्य व्यवस्थापकीय खर्च यस कोषबाट गर्न सकिने छैन ।

घ) यस कोषमा जम्मा भएको मुल कोषको रकम नघटने गरि वार्षिक रुपमा ब्याज वापत प्राप्त हुने रकम मात्र छात्रवृति प्रदान गर्ने प्रयोजनको लागि प्रयोग गर्न सकिने छ । नियम ९.२ बमोजिमका स्रोतबाट प्राप्त भएका रकमलाई समेत मुलकोष मानी अक्षय कोषमा राखिने छ ।

## १२. छात्रवृति छनौटको मापदण्ड :

देहायका प्रक्रियाको आधारमा नगर कार्यपालिकाबाट छात्रवृतिको लागि विद्यार्थी छनौट गर्नेछ।

क) यो छात्रवृति मण्डनदेउपुर नगरपालिका भित्रका सामुदायीक विद्यालयहरुमा माध्यामिक तहमा अध्ययन गर्ने छात्र छात्रालाई प्रदान गरिने छ । तर यस नियमले

यस नगरपालिका भित्रका सामुदायीक विद्यालय भित्र अध्ययन गर्ने अन्य स्थानीय तहबाट आएका विद्यार्थीहरुलाई छात्रवृति प्रदान गर्न रोक लगाएको मानिने छैन ।

ख) प्रत्येक बर्षको वैशाख महिनाका पहिलो हप्तामा देहायका विवरणहरु खुलाई १५ दिने सूचना प्रकाशित गरि छात्रवृतिको निवेदन माग गरिने छ ।

१. प्रदान गरिने छात्रवृतिको संख्या,
२. छात्रवृति प्रदान गरिने तह,
३. पेश गर्नु पर्ने कागजातको विवरण ।

ग) निवेदक विद्यार्थीले तोकिएको म्याद भित्र अनुसुचि १ बमोजिमको निवेदनको साथमा अनुसूची २ बमोजिनको कागजात पेश गर्नु पर्नेछ ।

घ) प्राप्त निवेदनहरु संकलन गरि नगरको शिक्षा शाखाले नगर शिक्षा समितिमा पेश गर्ने छ ।

ङ) नगर शिक्षा समितिले गत वर्षको लब्धाङ्क पत्र तथा वडाको सिफारिसको आधारमा गरीब तथा जेहेन्दार एक एक जना छात्र र छात्राको नाम नगर कार्यपालिकामा छात्रवृतिको लागि सिफारिस गर्नेछ । यसरी सिफारिस गर्दा निवेदन पेश गर्ने अन्य विद्यार्थीको नामावली समेत पेश गर्नु पर्नेछ ।

च) छात्रवृतिको लागि सिफारिस भएको नाम नगरकार्यपालिकाबाट अनुमोदन भए पछि जनही रु ५ हजार वासो बराबरको शैक्षिक सामग्री छात्रवृति स्वरुप प्रदान गरिने छ ।

छ) कोषाको मुल धन तथा ब्याजको परिमाणमा बृद्धि भए पछि नगर कार्यपालिकाले यस कार्यविधिमा संसोधन गरि छात्रवृति प्राप्त गर्ने विद्यार्थी संख्या, छात्रवृति प्रदान गरिने तह तथा छात्रवृति रकममा परिवर्तन गर्न सक्ने छ ।

## १३. छात्रवृतिको नाम :

क) यस कोषबाट प्रदान गरिने छात्रवृतिको नाम “मण्डनदेउपुर नगर शिक्षा छात्रवृति” रहने छ ।

## १४. अन्य छात्रवृति :

क) यस नगरपालिका बाहेकका अन्य व्यक्ति वा संस्थाले यस नगरपालिकाको क्षेत्रभित्र कुनै कोषा खडा गरि वा कोषा खडा नगरिकनै कुनै प्रकारको शैक्षिक छात्रवृति प्रदान गर्न चाहेमा नगर कार्यपलिकाबाट स्वीकृती लिई छात्रवृति प्रदान गर्न सक्नेछ ।

ख) नगरपालिकाले यस कार्यविधिमा व्यवस्था गरेको भन्दा फरक प्रकृतिको छात्रवृति, विषय तोकि प्रदान गर्ने विशेष छात्रवृति, नगरपालिका भन्दा अन्यत्र विशेषज्ञ शिक्षा हासिल गर्न विद्यार्थी छनौट गरि अध्ययन गर्न पठाउने बहुवर्षिय छात्रवृति जस्ता छात्रवृतिहरुको व्यवस्था गर्न चाहेमा छुट्टै कोष तथा कार्यविधिको व्यवस्था गरि यस्ता छात्रवृति प्रदान गर्न सक्नेछ ।

# परिच्छेद – ६ (छ)

# संसोधन, बचाउ र खारेजी

## १५. संसोधन, बचाउ र खारेजी :

क) छात्रवृति अक्षय कोष संचालन कार्यविधि संसोधन वा खारेज गर्न आवश्यक देखेमा नगर कार्यपालिकाले संसोधन वा खारेज गर्न सक्नेछ ।

ख) यो कार्य विधिमा उल्लेख गरिएका कुराहरुको हकमा यस कार्यविधि अनुसार र उल्लेख नभएका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

ग) यस कार्य विधिमा लेखिएका कुराहरु प्रचलित स्थानीय सरकार संचालन ऐन २०७४ सँग बाझिएका हद सम्म स्वतः निष्कृय हुनेछ।

घ) कोष खारेज भएमा कोषमा रहेको सम्पति तथा दायित्व स्वतः नगरपालिकामा सर्नेछ ।

### अनुसुचि १
### (नियम १२(ख) संग संबन्धित)
### निवेदनको ढाँचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू, मितिः

मण्डनदेउपुर नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय,

महादेवस्थान, काभ्रे ।

विषय : छात्रवृति पाउँ भन्ने बारे ।

महोदय,

**उपरोक्त सम्वन्धमा तहाँ नगर कार्यपालिकाको कार्यालयबाट प्रत्येक वर्ष प्रदान गरिने "मण्डनदेउपुर नगर शिक्षा छात्रवृति" प्राप्त गर्न देहायका विवरणहरु सहित निवेदन पेश गरेको छु ।**

**नाम, थर :** ______

**लिङ्ग :** ______

**ठेगाना :** ______

**अध्ययनरत विद्यालयको नाम :** ______

**अध्ययनरत कक्षा :** ______

**कुल प्राप्ताङ्क :** ______ **प्राप्ताङ्क प्रतिशत :** ______

**बुबाको नाम :** ______

**पेशा :** ______

**आमाको नाम :** ______

**माथि पेश गरेको विवरण सहि साँचो हो ।**

**निवेदकको हस्ताक्षर**

## अनुसुचि २
## (नियम १२(ख) संग संबन्धित)

१. विद्यालयको सिफारिस,

२. वडा कार्यालयको सिफारिस,

३. अघिल्लो कक्षाको लब्धाङ्कपत्रको